दर्ता नं.GBCFM01/080-081

# गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूह

## विजयनगर-६, उज्जलपुर, कपिलवस्तु

पत्र संख्या :- २०८२/०८३

चलानी नं.:-

इमेल : gautambudhacfm@gmail.com

प्रवेज आलम खाँ
अध्यक्ष

**माछा पालन प्रयोजनका लागि ताल/पोखरीको दरभाउ-पत्र पेश गर्ने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८२/०८/२६**

प्रस्तुत विषयमा यस गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूहको मिति २०८२/०८/०५ गतेको निर्णय अनुसार तपसिल बमोजिम समूहको ताल/पोखरी माछा पालन प्रयोजनका लागि ठेक्का सम्झौत्ता भएको मितिले ५ पाँच बर्षका लागि ताल/पोखरी ठेक्कामा दिइने भएकोले शिलवन्दी दरभाउ-पत्र आव्हन गरिएको छ । इच्छुक ब्यक्ती वा इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिम शर्तहरुको अधिनमा रहि रितपुर्बक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | पोखरीको नाम | ठेगाना | पाँच वर्ष न्यूनतम मुल्य रु.(मु.अ.क.बहेक) | कैफियत |
|---|---|---|---|---|
| १-२०८२/०८३ | गौतमबुद्ध साझेदारी व.उ.स.को ताल | विजयनगर-६उज्जलपर | ५००००० | |

१. दरभाउ-पत्र खरिद कर्ताले दरभाउ-पत्र फारमको दस्तुर रु.१०००(एक हजार) पछि फिर्ता नहुने गरि फराम खरिद गर्नु पर्ने छ ।ब्यक्ती वा फर्म/कम्पनी/संस्थाले आफ्नो कागजात पेश गरि यो सूचना प्रकशित भएको मितिले १५ औ दिन दिनको १:०० कार्यालय समय भित्र खरिद गर्नु पर्ने छ ।

२. खरिद गरिएका दरभाउ-पत्र १६ औ दिन दिनको १२:०० बजे भित्र कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ ।सोही दिन दिनको १२: पछि आवेदन कर्ताको रोहवरमा दरभाउ-पत्र खोलिने छ । दरभाउ-पत्र खोल्ने समयमा आवेदन कर्ता उपस्थित नभएमा पनि दरभाउ-पत्र खोल्ने कुनै बाँधा पर्ने छैन ।

३. दरभाउ-पत्र दाताले आफुले कबोल अंकको ५% हुने आउने रकम यस समूहको नेपाल बैक लि. शाखा कर्यालय कृष्णनगर खाता नं.०१४००१११७४१८५००००01 मा रकम दाखिला सक्कलै भौचर वा यस कर्यालको नाममा जारी भएको कम्तिममा ९० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैक जमानत वा नगद रकम धरौटी वापत दरभाउ-पत्र साथ संलग्न गरि दरभाउ-पत्र पेश गर्नु पर्ने छ ।

४. माछा पालन उद्देश्यका लागि ताल ठेक्कामा लिने ब्यक्ति/फर्म/संस्थाले विजयनगर-६ उज्जलपुरमा तालको अवलोकन गर्न सक्ने छ ।साथै यस समूहको कर्यक्षेत्र भित्र पर्ने उपभोक्ताहरुलाइ विशेष ग्राहयता दिइने छ ।

५. समय भित्र नआएका वा रित पुर्वक नभएका दरभाउ-पत्र उपर कुनै कारवाही हुने छैन ।

६. दरभाउ-पत्र खरिद वा दाखिला गर्ने दिन सावेजनिक विदा परेमा सो को लगतै कार्यालय खुल्ने दिन सोही बमोजिमन हुने छ ।

७. ठेक्का सदर गर्ने नगर्ने सम्पुर्ण अधिकार गौतमबुद्ध साझेदारी वन उपभोक्ता समूहमा निहित रहने छ ।

८. ठेक्का सम्बन्धिका शर्तहरु प्रचलित कानून तथा सम्झौतामा उल्लेख भए बमोजिम हुने छ ।